# ब्रिटिस गोर्खाहरूको वंशजको नेपाली नागरिकता निरन्तरता अभियानको संक्षिप्त ईतिहास:

सन्तोष थलङ (संस्थापक प्रमुख संयोजक)

## पृष्ठभूमि:

ब्रिटिस गोर्खाहरूमाथि बेलायती सरकारले शताब्दीयौँदेखि गर्दै आएको अमानवीय विभेद विरुद्ध समानताको आन्दोलन सञ्चालन हुँदा बेलायत सरकारले जीवनस्तरको प्रश्न उठायो । फलस्वरूप, गोर्खाहरू सन् २००० को दशकमा ठूलो संख्यामा आवासीय अधिकार लिएर बेलायत आउन बाध्य भए। समानताको यस आन्दोलनले केही अपेक्षित उपलब्धि हासिल गरे पनि, वर्तमान नेपाली कानून अनुसार गोर्खा तथा तिनका सन्ततिहरूको नेपाली राष्ट्रियता (नागरिकता) सम्बन्धी संवैधानिक जटिलता उत्पन्न हुने देखियो।

यसै परिप्रेक्ष्यमा, सन् २०११ देखि ब्रिटिस गोर्खाहरूले बेलायती अंगीकृत नागरिकता सम्मानपूर्वक प्राप्त गरे पनि, तिनका वंशजको नेपाली नागरिकता यथास्थितिमा निरन्तर रहने व्यवस्था गरियोस् भनी नेपाल सरकारलाई निरन्तर अनुरोध तथा सचेत गराउँदै आइएको छ।

यस विषयमा प्रारम्भिक दिनदेखि नै वंशजको नेपाली नागरिकता निरन्तरताका लागि सशक्त पहल गर्दै आएको एकमात्र गोर्खा संस्था **"ब्रिटिस गोर्खा नेपाली नागरिकता निरन्तरता अभियान समिति" (BGNCCC-UK/Nepal)** को स्थापना, पहलकदमी, र नागरिकता निरन्तरता हुँदा तथा नहुँदा गोर्खा समुदाय र नेपाल राष्ट्रलाई हुने फाइदा-नोक्सानीसाथै राष्ट्रिय एवं अन्तर्राष्ट्रिय कानूनी पक्षहरूलाई यहाँ संक्षिप्तमा प्रस्तुत गरिएको छ।

- **ब्रिटिस गोर्खाहरूका वंशजको नेपाली नागरिकता निरन्तरताका लागि अभियानको आवश्यकता:**

न्याय र समानताको लागि आन्दोलन गर्दै बेलायत पुगेका गोर्खा तथा तिनका सन्ततिहरूले बेलायतमा आधारभूत अधिकार र सुविधा उपभोग गर्न, जीवनयापन सहज बनाउन, र उत्तम रोजगारी तथा शिक्षा प्राप्त गर्न बेलायती आवासीय भिसा हुँदै अंगीकृत नागरिकता लिन बाध्य छन् । विशेषगरी गोर्खाका सन्ततिहरूको शिक्षा आर्जन र बेलायतमा जन्मेकाहरूका लागि यो अत्यन्त अनिवार्य छ।

ब्रिटेनको कानूनले बेलायती अंगीकृत नागरिकता लिँदैमा नेपाली नागरिकता त्याग्नुपर्ने बाध्यता सिर्जना गर्दैन। तर नेपालको संविधानको धारा २११ को प्रावधानले आवासीय भिसा प्राप्त गोर्खाहरूलाई नेपालको नागरिकता कायम राखे पनि कुनै निर्वाचनमा मतदान, मनोनयन वा नियुक्ति हुन नपाउने व्यवस्था गरेको छ। यो व्यवस्थाले ब्रिटिस गोर्खाहरूलाई गैर-आवासीय नेपाली (NRN) सरहको मात्र व्यवहार गरेको छैन, बरु संवैधानिक रूपमै **'राज्यविहीन' (Stateless)** जस्तै बनाएको छ।

**महत्त्वपूर्ण तथ्य के हो भने, ब्रिटिस गोर्खाहरूले NRN हरूले जस्तो विदेशी नागरिकता लिन नेपाली नागरिकता त्यागेका छैनन्।**

अर्को जटिल विषय यो हो कि नेपाली नागरिकहरूको बेलायती सेनामा भर्ना हुने क्रम निरन्तर जारी छ। विशेष गरी ब्रिटिस सेनामा गोर्खा आर्टिलरी रेजिमेन्ट स्थापना भइरहेकाले नेपाली युवाहरूको ठूलो संख्या बेलायती सेनामा भर्ना हुनेछन्।

यी नेपाली युवाहरू नेपाली नागरिक बनेर बेलायती सेनामा भर्ना हुन्छन्, तर बेलायतबाट अन्य मुलुकमा मिसनमा जाँदा **"उत्तर एट्लान्टिक सन्धि संगठन" (NATO) को Travel Order र British Army ID ले यात्रा गर्छन्।** नेपाली राहदानीको प्रयोजन नै हुँदैन। कुनै देशको Immigration ले NATO Force को बेलायती सेना भनेर चिन्छ, तर नेपाली नागरिक भनेर चिन्दैन। बेलायती सेना अर्थात् बेलायती नागरिक भन्ने सरल अर्थ लाग्छ।

त्यसैले नेपाल सरकारले नेपाली नागरिकता निरन्तरताको स्पष्ट व्यवस्था नगरेसम्म व्यवहारमा ब्रिटिस गोर्खाहरू **'बेचिएका'** नेपाली नागरिक नै ठहरिन्छन्।

निकट भविष्यमा ब्रिटिस गोर्खाहरूले बेलायती अंगीकृत नागरिकता लिनैपर्ने स्थिति बन्दैछ। त्यसैले ब्रिटिस गोर्खाहरूको वंशजको नेपाली नागरिकता निरन्तर रहने व्यवस्था नगरी गोर्खा भर्तिलाई निरन्तरता दिनु आफ्नै नागरिकलाई बेचविखन गरेको ठहर्छ।

आफ्नो नागरिकहरूको राष्ट्रियतासम्बन्धी जटिल विषयमा नेपाल सरकार जिम्मेवार नबन्दा गोर्खा समुदाय आफैँ सचेत भएर आफ्नो राष्ट्रियता (नागरिकता) बचाउन सशक्त रूपमा सक्रिय हुन अत्यावश्यक भएको छ।

**ब्रिटिस गोर्खा नेपाली नागरिकता निरन्तरता अभियान समिति (BGNCCC-UK/Nepal) को स्थापना:**

सन् २००९ मा तत्कालीन (सन्तोष थलङ सभापति रहेको) GAESO-UK को नेतृत्वमा पिटर क्यारोल र जोआना लुम्लीको सक्रिय संलग्नताबाट ब्रिटिस गोर्खा आन्दोलनको फलस्वरूप सामान्य गोर्खा र आश्रितहरूले बेलायतमा आवासीय अधिकार प्राप्त गर्ने निर्णय २१ नोभेम्बर सन् २००९ मा ब्रिटिस पार्लियामेन्टमा भयो। यसरी गोर्खा तथा तिनका सन्ततिहरूले आवासीय अधिकार हुँदै बेलायती अंगीकृत नागरिकता समेत लिनुपर्ने परिस्थिति सृजना भएकोले, गोर्खा र गोर्खा सन्ततिहरूको वंशजको नेपाली नागरिकता सुरक्षित रहने व्यवस्था नभए भविष्यमा राज्यविहीन (Stateless) बन्ने प्रबल सम्भावना देखियो।

यसै क्रममा बेलायतमा रहेका तत्कालीन ४ वटा गोर्खा संस्थाहरु (BGAESO, BGWS, UBGN र NESA) का प्रतिनिधिहरु क्रमशः सन्तोष थलङ, टिकेन्द्रदल देवान, ज्ञानराज राई र केश बहादुर गुरुङले BGAESO को पहलकदमीमा स्व. डा. चन्द्र लक्ष्म्बाको समन्वयमा संयुक्त रूपमा नेपाल दूतावास लण्डनमार्फत सन् २०११ मा नेपाल सरकारलाई ब्रिटिस गोर्खाका वंशजको नेपाली नागरिकता निरन्तरताको माग गर्दै ज्ञापन पत्र बुझाएर अभियान आरम्भ गरेका थिए।

समान सेवा, सुविधा र अधिकारका लागि सन् २०१३ मा तत्कालीन बेलायतमा रहेका ६ वटा गोर्खा संस्थाहरूको सहमतिमा ज्ञानराज राईले ६ महिने अल्टिमेटम दिएर आमरण अनशन घोषणा गर्दै सन्तोष थलङको संयोजकत्वमा **"गोर्खा सत्याग्रह संयुक्त संघर्ष समिति"** गठन भयो।

गोर्खा सत्याग्रह संयुक्त संघर्ष समितिले समानताको आन्दोलन बेलायत सरकारसँग र नागरिकता निरन्तरताको अभियान नेपाल सरकारसँग समानान्तर ढंगले अघि बढाउँदै आएको थियो।

एउटै समितिले समानताको आन्दोलन बेलायत सरकारसँग र नागरिकताको अभियान नेपाल सरकारसँग पहल गर्नुपर्दा सामान्य गोर्खा समुदाय र शुभेच्छुक सबैलाई अलि दिग्भ्रमित हुने भएकाले यी दुवै सत्याग्रह आन्दोलन र नागरिकता अभियान दुवैको प्रमुख संयोजक-UK/Nepal को जिम्मेवारीमा सन्तोष थलङ रहनेगरी सत्याग्रह संयुक्त संघर्ष समिति UK को संयोजक कृष्णबहादुर राई र नागरिकता निरन्तरता (BGNCCC-UK) को संयोजक सूर्य नेम्वाङलाई जिम्मा दिने निर्णय भयो।

**सो अनुसार ६ जुलाई सन् २०१४ का दिन सम्पूर्ण गोर्खा संस्थाहरूको सहमतिमा ब्रिटिस गोर्खा नेपाली नागरिकता निरन्तरता अभियान समिति-UK (BGNCCC-UK) को औपचारिक गठन भएको हो।**

अर्थात्, गोर्खा सत्याग्रह संयुक्त संघर्ष समिति र ब्रिटिस गोर्खा नेपाली नागरिकता निरन्तरता अभियान समिति (BGNCCC-UK/Nepal) एउटै सिक्काका दुई पाटा हुन्। **BGNCCC-UK/Nepal सन् २०२१ मा बेलायती कम्पनी ऐन अन्तर्गत गैर-नाफामूलक संस्थाका रूपमा दर्ता भएको छ, भने नेपालमा BGNCCC र गोर्खा सत्याग्रह संयुक्त रूपमा दर्ता गरिएको छ।**

**ब्रिटिस गोर्खाहरूको वंशजको नेपाली नागरिकता निरन्तरता हुनुपर्ने आधारहरू:**

सन् १८१४-१८१६ को एङ्ग्लो-नेपाल युद्धमा बेलायती ईस्ट इण्डिया कम्पनीसँग नेपालको सार्वभौमिकता र भौगोलिक अखण्डता जोगाउन नेपाली युवाहरू (गोर्खा) लाई ४ मार्च सन् १८१६ मा सुगौली सन्धि गरी बेलायती सैन्य सेवामा पठाउन आरम्भ गरिएको हो। राष्ट्रका लागि जीवन बलिदानी दिन बाध्य बनाइएका नेपाली नागरिक (गोर्खाहरू) ले बेलायत सरकारको राष्ट्रिय सैन्य सेवामा उदाहरणीय सेवा पुर्‍याएबापत बेलायत सरकारले सम्मान स्वरूप दिएको आवासीय अधिकार लिनुपर्ने परिस्थितिमा नेपाल सरकारले वंशजको नेपाली नागरिकताबाट वञ्चित गर्नु उल्लेखित सन्धि सम्झौता र मानव अधिकारको दृष्टिकोणबाट पनि न्यायसंगत हुँदैन।

त्यसैगरी, सन् १९४७ मा **"ब्रिटिस गोर्खाहरू नेपाली नागरिक भएरै ब्रिटिस सेना भर्ना हुन्छन् र सेवानिवृत्त हुँदा पनि नेपाली नागरिक नै रहन्छन्"** भन्ने नेपाल, बेलायत र इण्डियाबीच त्रिपक्षीय सम्झौता गरेर सार्वभौम देशभित्रै विदेशी सैनिक भर्ना क्याम्प स्थापना गरेर बेलायती सेनामा पठाउने गरिएको छ।

पछिल्लो समय सन् २००४ मा तत्कालीन नेपाल सरकारले गोर्खाहरूलाई बेलायतमा आवासीय अधिकारको अनुमति पत्र दिएर गोर्खाहरूको बेलायतमा बसाइँ आरम्भ भएको हो। त्यसपछि बेलायतमा रहँदा आधारभूत आवश्यकता परिपूर्ति गर्न बाध्य भएर अंगीकृत नागरिकता लिनुपर्दा वंशजको नेपाली नागरिकताबाट वञ्चित गरिदिने व्यवस्थालाई नसच्याए अन्तर्राष्ट्रिय मानव अधिकारको दृष्टिकोणबाट पनि नेपाल सरकारमाथि मानव बेचविखन (Human Trafficking) को विषय आकर्षित हुन सक्दछ।

सुगौली सन्धि १८१६ र त्रिपक्षीय सम्झौता १९४७ अन्तर्राष्ट्रिय सन्धि सम्झौता भएकाले यसमा भियना कन्भेन्सन (Vienna Convention on the Law of Treaties) आकर्षित हुन्छ। बेलायत र नेपाल दुवै भियना कन्भेन्सनका हस्ताक्षरकर्ता राष्ट्रहरू हुन्।

**वंशजको नेपाली नागरिकताको महत्त्व:**

ब्रिटिस गोर्खाहरूको नेपाली नागरिकता वंशजको नागरिकता हो। वंशजको नागरिकता प्राप्त गर्न देशभित्रै जन्मेको हुनुपर्दैन र कुनै भौगोलिक सीमाले वंशजको नागरिकतालाई अवरोध गर्दैन। त्यसैले गोर्खाका सन्ततिहरू नेपालबाहिर जन्मिए पनि वंशजको नेपाली नागरिकता प्राप्त गर्न सक्नेछन्।

वंशजको नागरिकताको निरन्तरता हुनेबित्तिकै आफूले चाहेसम्म पुस्तौँ-पुस्ताले नागरिकता प्राप्त गर्न सक्नेछन्। अर्थात् बाबु-आमाको वंशजको नेपाली नागरिकता भए छोरा-छोरीले वंशजकै नागरिकता प्राप्त गर्नेछन्।

**वंशजको नेपाली नागरिकता निरन्तरता नहुँदा गोर्खाहरूलाई हुने समस्या:**

नेपाल सरकार र बेलायत सरकारबीच पटक-पटक सन्धि सम्झौता गरेर बेलायती सैन्य सेवामा पठाइएका ब्रिटिस गोर्खाहरूले बेलायती सेनामा उदाहरणीय काम गरेबापत बेलायतले अंगीकृत नागरिकता प्रदान गर्दा नेपालको वर्तमान संविधान तथा ऐन अनुसार नेपाली नागरिकता निष्क्रिय हुने व्यवस्था छ।

यदि समयमै गोर्खा र गोर्खा सन्ततिहरूले बेलायती अंगीकृत नागरिकता प्राप्त गरे पनि उनका वंशजको नेपाली नागरिकता यथास्थितिमा निरन्तर रहने व्यवस्था हुन सकेन भने, नेपालको स्वाभिमान र सार्वभौमिकताका लागि बलिदान दिने देशभक्त वीर गोर्खाका पछिल्ला पुस्ताहरूको नेपाली राष्ट्रियता गुम्नेछ।

बेलायती अंगीकृत नागरिकताले बेलायती राष्ट्रियताको दीर्घकालीन सुनिश्चितता गर्दैन। त्यसैले प्रतिकूल परिस्थितिमा गोर्खा तथा गोर्खा सन्ततिहरू राज्यविहीन (Stateless) बन्ने प्रबल सम्भावना रहन्छ।

बेलायतमा रहेका सामान्य गोर्खाहरूको ठूलो परिमाणमा नेपालमा चल-अचल सम्पत्ति छ। त्यसको स्वामित्वका विषयमा जटिलता सृजना हुने निश्चित छ।

**वंशजको नेपाली नागरिकता निरन्तरता नहुँदा नेपाललाई हुने क्षति:**

सन् १८१६ मा सुगौली सन्धि गरी नेपालको सार्वभौमिकता र राष्ट्रिय अखण्डता बचाउन बेलायती सैन्य सेवामा पठाइएका गोर्खा नेपाली नागरिकहरूलाई बेलायतले पूर्व राष्ट्रिय सेनाको हैसियतले आवासीय अधिकारका लागि अंगीकृत नागरिकता दिँदा नेपाल सरकारले उनका वंशजको नेपाली नागरिकता खारेज हुने ऐन कानून नसच्याए, नेपालले प्रत्यक्ष एवं अप्रत्यक्ष रूपमा धेरै ठूलो घाटा तथा बाधा-व्यवधान व्यहोर्नुपर्ने निश्चित छ।

ब्रिटिस गोर्खा र गोर्खा सन्ततिहरूको वंशजको नेपाली नागरिकता निरन्तर कायम नरहे, नेपालजस्तो विप्रेषणको भरमा चल्ने देशको अर्थतन्त्रमा करिब २१२ वर्षयता अविरल रूपमा गोर्खाका पेन्सनका रूपमा मासिक प्राप्त भइरहेको करोडौं स्टर्लिङ पाउण्ड तलब-सुविधाबापत थप लाखौं स्टर्लिङ पाउण्ड बन्द हुनेछ।

साथै, गोर्खाहरूले नेपालमा रहेको चल-अचल सम्पत्ति बिक्री-वितरण गरी नेपालको अर्बौं रुपैयाँ बेलायत लैजानेछन् । त्यसका साथै बेलायतबाट गोर्खा वेलफेयर ट्रस्ट लगायत अन्य बिभिन्न शिर्षकमा नेपाल सरकारलाई प्राप्त हुने बेलायती आर्थिक सहयोग समेत बन्द हुनेछ । साथै, बेलायतजस्तो विश्वले मान्यता दिएको शिक्षण संस्थानहरूबाट उच्च शिक्षा लिएका दक्ष गोर्खा सन्ततिहरूलाई नेपालले गुमाउनुपर्नेछ।

**अहिलेसम्म गरिएको पहल र उपलब्धिहरू:**

अनौपचारिक रूपमा BGNCCC-UK ले सन् २०११ देखि नै नेपालमा रहेका UBGN का प्रतिनिधिहरू स्व. राजेन्द्र राई, क्या. हिमाल राई र अष्ट्रेलियामा रहेका मान बहादुर ईस्वो सँग सहकार्य गर्दै कानूनी परामर्श र राजनीतिक लबिङ आरम्भ गरिएको थियो।

६ जुलाई सन् २०१४ मा BGNCCC-UK औपचारिक रूपमा गठन भएपछि, नेपालमा रहेको भूपू सैनिक कल्याणकारी संस्थासँग सहकार्य गर्दै नेपालको संविधान निर्माण हुँदैगर्दा ब्रिटिस गोर्खाहरूले बेलायती अंगीकृत नागरिकता प्राप्त गरे पनि वंशजको नेपाली नागरिकता निरन्तरता हुनुपर्ने व्यवस्था संविधानमा सुनिश्चित गराउन हदैसम्मको पहल भएको थियो।

तर केही नस्लवादी संविधान सभा सदस्यहरूको संकुचित सोचका कारण ब्रिटिस गोर्खाका विषयमा नेपालको संविधान २०७२ मा एक शब्द पनि उल्लेख भएन। त्यसपछि आजका दिनसम्म BGNCCC-UK/Nepal ले निरन्तर संविधान संशोधनको अनेकौं प्रयास गरिरहेको छ।

त्यसैगरी, BGNCCC-UK/Nepal ले सन् २०२१ देखि **"ब्रिटिस गोर्खा नेपाली नागरिकता निरन्तरता अभियान समिति-नेपाल" (BGNCCC-Nepal)** गठन गरी संविधान संशोधनका लागि थप सशक्त पहल गरिरहेको छ।

यसै सिलसिलामा, यस अभियान अन्तर्गत गोर्खाहरूको नागरिकता निरन्तरताका लागि ऐतिहासिक एवं कानूनी आधारका दस्तावेजहरु जुटाउन संविधानविद्, वरिष्ठ अधिवक्ता डा. चन्द्रकान्त ज्ञवालीद्वारा लिखित ४०० पृष्ठको पुस्तक "सुगौली सन्धि र नेपाली नागरिकता: ब्रिटिस गोर्खाका वंशजको नेपाली नागरिकता निरन्तरता" लगायतका सामग्रीहरु प्रकाशन भएका छन्।

यस अभियानले सन् २०७१ देखि हालसम्म नेपालका विभिन्न राजनीतिक दलका शीर्ष नेताहरू, सांसदहरू, सम्बन्धित मन्त्रालयका मन्त्रीहरू, पूर्व प्रधानमन्त्रीहरु लगायतसँग पाँच दर्जनभन्दा बढी सभा, सेमिनार र अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ। सयौं पटक सरोकारवाला पक्षहरूसँग प्रतिनिधिमण्डल गएर संविधान संशोधनका लागि अनुरोध गरिए पनि कार्यान्वयनमा अपेक्षित सक्रियता नदेखिनु दुःखद पक्ष हो।

पछिल्लो समय BGNCCC-UK/Nepal का प्रमुख सल्लाहकार कृष्णबहादुर राईको नेतृत्वमा BGNCCC-Nepal ले तत्कालीन २७५ जना प्रतिनिधिसभा सदस्यहरु र ५९ जना राष्ट्रिय सभा सदस्यहरूलाई ब्रिटिस गोर्खाहरूको वंशजको नेपाली नागरिकता निरन्तर कायम रहनुपर्ने कारण, कानूनी आधार तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौताका दस्तावेजहरु प्रत्येकलाई व्यक्तिगत रूपमै बुझाउनुका साथै दर्जनौं पटक सभा-सेमिनार आयोजना गरी हाम्रा कानूनी सल्लाहकारद्वारा प्रशिक्षण गराइएको छ। त्यसका साथै गृह मन्त्रालयको कानून विभागका पदाधिकारीहरूसँग संविधान संशोधन विधेयकको विषयमा समेत छलफल र मस्यौदासम्बन्धी अध्ययन भइरहेको थियो।

तर हाल आकस्मिक रूपमा नेपालको राजनीतिक परिस्थिति परिवर्तन भई संसद विघटन भएर संविधान संशोधनको प्रक्रिया स्थगित भएको छ।

**निर्विकल्प माग र निष्कर्ष:**

ब्रिटिस गोर्खा नेपाली नागरिकता निरन्तरता अभियान समिति (BGNCCC-UK/Nepal) को निर्विकल्प माग यही हो कि बेलायत तथा हङकङमा सम्मानार्थ आवासीय भिसा वा अंगीकृत बेलायती नागरिकता लिएका ब्रिटिस गोर्खा र गोर्खा सन्ततिहरूको वंशजको नेपाली नागरिकता यथास्थितिमै निरन्तर रहने र गोर्खाका

नेपालबाहिर जन्मेका सन्ततिहरूले स्वतः वंशजको नेपाली नागरिकता लिन सक्ने व्यवस्था संविधान संशोधनमार्फत सुनिश्चित गरिनुपर्दछ।

नेपाल सरकार र व्यवस्थापिका संसदले यसको गम्भीरतालाई मनन गर्दै निर्णायक कदम चाल्नुपर्दछ। यो गोर्खाहरूको मात्र मुद्दा नभएर देशको सार्वभौमिकता र मानवअधिकारको मुद्दा हो। यदि नेपाल सरकारले समयमै यो समस्या समाधान नगरे, गोर्खाहरू बाध्य भएर अन्तर्राष्ट्रिय अदालतसम्मको कानूनी प्रक्रिया अपनाउन बाध्य हुनेछन्।

## यो अति महत्वपूर्ण अभियानमा गोर्खा समुदायको सहभागिता:

मौलिक राष्ट्रियता बचाइराख्ने यो अति महत्त्वपूर्ण अभियानमा सम्पूर्ण ब्रिटिस गोर्खा र गोर्खा सन्ततिहरूको स्वतःस्फूर्त सहभागिता हुन अति आवश्यक छ । साथै यस अभियानलाई तन, मन, धनले साथ दिनु सम्पूर्ण ब्रिटिस गोर्खा समुदायको दायित्व पनि हो।

तर दुःखका साथ भन्नुपर्छ, यो १४-१५ वर्षको अभियानको विभिन्न चरणहरूमा अति नगन्य गोर्खाहरूको मात्र सहभागिता देखिएको छ। नेपाली नागरिकताको महत्त्व नबुझेर हो, वा बेलायतको सुखसुविधा उपभोग गर्न पाउँदा आफ्नो मौलिकता र राष्ट्रियता नै बिर्सेर हो, नागरिकता अभियानको महत्त्व बुझ्न सकेका छैनन्।

बुझ्नपर्ने कुरो के भने बेलायती अंगीकृत नागरिकता प्राप्त गरेर कुनै पनि विदेशी मूलका नागरिकहरू बेलायतमा ढुक्क हुने स्थिति छैन। देशको राजनीतिक परिस्थिति प्रतिकूल हुँदा वा कुनै अन्य कारणले बेलायत सरकारले अंगीकृत नागरिकता खोसेर देश निकाला गर्न सक्दछ। त्यसैले समयमै गोर्खा र गोर्खा सन्ततिहरूको नेपाली नागरिकता निरन्तरता रहने सुनिश्चितता हुन सकेन भने, भविष्यमा हाम्रा भूटानी नेपालीहरू राज्यविहीन भएर नेपालमै आएर "भूटानी शरणार्थी" बन्न पुगे, त्यसैगरी बेलायतमा रहेका नेपालीहरू पनि कुनै दिन **"बेलायती शरणार्थी"** भएर नेपालमा शरण लिनुपर्ने स्थिति नआउला भन्न सकिन्।

## भावी रणनीति:

हाल नेपालको राजनीतिक परिस्थितिलाई मध्यनजर गर्दै आवश्यक तयारी गर्ने र जब संघीय संसद गठन हुन्छ, वा त अध्यादेशबाट संविधान संशोधन गर्ने परिस्थिति निर्माण हुनेबित्तिकै BGNCCC-UK/Nepal संशोधनका लागि सशक्त एवं निर्णायक पहल गर्ने योजनामा छ । यसका लागि BGNCCC-UK/Nepal का प्रमुख सल्लाहकार

कृष्णबहादुर राईको नेतृत्वमा BGNCCC-Nepal साथै कानूनी सल्लाहकार तथा बुद्धिजीवीको टोलीलाई तयारी अवस्थामा राखिएको छ।

यसै सिलसिलामा बेलायती अंगीकृत नागरिकता प्राप्त गोर्खा तथा गोर्खा सन्ततिहरूलाई नेपाल आवत-जावत गर्न सहज बनाउन बेलायत सरकारको गृह मन्त्रालयको अध्यागमन विभागसँग छलफल गरी नेपाली विशेष परिस्थितिजन्य सुविधा अन्तर्गत राहदानीमा ई-भिसा उपलब्ध गराउने व्यवस्थाका लागि अनुरोध गर्ने पहल गर्ने समेत योजना रहेको छ।

## BGNCCC-UK को नेतृत्व परिवर्तन र अभियान भित्रको अँध्यारो पाटो (The Darkside):

सन् २०१५ मा सूर्य नेम्वाङ NRNA-UK को चुनावमा सहभागी भएपछि BGNCCC-UK को कार्यवाहक संयोजक सुन बहादुर तामाङ लाई दिइयो।

सन् २०१७ मा अभियानलाई वृहत बनाउन जनजाति महासंघ यूकेसँगको सल्लाहमा सन्तोष थलङ प्रमुख संयोजक यूके/नेपाल, रहने गरी थर्क बहादुर राना लाई BGNCCC -UK को संयोजक को जिम्मेवारी दिइयो।

संयोजक थर्क बहादुर राना र तत्कालिन कार्यवाहक सचिव शोभराज गुरुङ ले समितिको निर्णय अवज्ञा गर्दै अभियानलाई प्रतिकूल असर पार्ने गतिविधि गरेपछि सचिव शोभराज गुरुङ को बदला सचिवमा होम किरात सुनुवार लाई सर्वसम्मतिले चयन गर्यो।

थर्क बहादुर रानाले समिति र प्रमुख संयोजकलाई जानकारी नदिई सन् २०२१ मा तत्कालीन नेपालका प्रधानमन्त्रीलाई **"गैरआवासीय गोर्खा नेपाली भनी सम्बोधन गरि पांउ "** भनि ज्ञापनपत्र बुझाएर अभियान समाप्त गर्न खोजेपछि समितिले रानालाई BGNCCC -UK को संयोजक पदबाट हटाई सल्लाहकारको जिम्मेवारीमा राख्ने सर्वसम्मत निर्णय गर्‍यो । त्यसपछि सुनबहादुर तामाङ लाई BGNCCC-UK को संयोजकमा चयन गर्यो।

थर्क बहादुर रानाले समितिको सर्बसम्मत निर्णयको अवज्ञा गर्दै BGNCCC - UK/Nepal बिरुद्ध बिद्रोह गर्ने घोषणा गर्दै अभियान बाट अलग भएर CNCBG नामक संस्था स्थापना गरेर सन् २०२१ बाट निरन्तर BGNCCC र सम्पूर्ण नागरिकता अभियानको बिरोध गर्दै आम गोर्खा समुदायको नेपाली राष्ट्रियता माथि अन्तरघात गरिरहेको छ।

सन् २०२४ मा  BGNCCC -UK का संयोजकको जिम्मेवारीमा रहेका सुनबहादुर तामाङले पदिय जिम्मेवारी बहन गर्न अस्वीकार गर्दै अस्वाभाविक ढंगले पदबाट हट्ने घोषणा गरेपछि सन् २०२५ बाट सह-संयोजक ले. हरिबहादुर गुरुङ लाई सर्वसम्मतिले BGNCCC-UK को संयोजकमा चयन गर्यो।

त्यसैगरी सन् २०२१ मा प्रेम बेघा को संयोजकत्धमा BGNCCC - नेपाल गठन गर्ने निर्णय भएको थियो, तर थर्कबहादुर रानाकै सल्लाह सुझावमा तत्कालीन भूपू सैनिक कल्याणकारी समिति नेपाल को पदाधिकारीहरूबाट डर त्रास देखाएर समिति गठन गर्न नदिएर अभियान लाई धोका दिने निन्दनिय काम भयो।

यसरी प्रेम बेघालाई निष्कृय बनाएपछि सन् २०२१ मै हाम्रा कानूनी सल्लाहकार अधिवक्ता योगिता राईको नेत्रित्वमा BGNCCC नेपाल गठन भयो। सन् २०२३ बाट बर्तमान समिति गठन हुन अघि सम्म BGNCCC - नेपाल ज्ञान बहादुर राई को संयोजकत्वमा रहेको थियो।

**BGNCCC-UK/Nepal को वर्तमान कार्यसमिति:**

प्रमुख संयोजक - UK/Nepal: सन्तोष थलङ

संयोजक - UK: रि.ले. हरि बहादुर गुरुङ

सह संयोजक: पोपिराज राई

सह संयोजक: गोपाल गिरी

उप संयोजक: धन घले

महासचिव: होम किरात सुनुवार

सचिव: हिन्दू कुमार मोक्तान

कोषाध्यक्ष: मन माबोहाङ

सह कोषाध्यक्ष: गुणराज राई

केन्द्रीय सदस्यहरु:

दिलिप मोहरा (जनसम्पर्क)

नयन्द्र राई (संचार)

टिका घले

तेज राई

राम पोमु

धर्म विक्रम सुनुवार

नरेन्द्र इधिङ्गो (वेल्स इन्चार्ज)

लाल आङ्देम्बे

केन्द्र इजम्

कृष्ण फेम्बु (अक्सफोर्ड इन्चार्ज)

अग्नि केदेम

मान बहादुर राई

प्रमुख सल्लाहकार: कृष्ण बहादुर राई

वरिष्ठ सल्लाहकार: ज्ञान बहादुर राई

सल्लाहकारहरू: रि.मे. जुद बहादुर गुरुङ

सल्लाहकार : ज्ञानराज राई

सल्लाहकार : रि.ले. काजी शेर्पा

कानूनी सल्लाहकार :

संविधानविद् वरिष्ठ अधिवक्ता डा. चन्द्रकान्त ज्ञवाली

अधिवक्ता योगिता राई

**BGNCCC-Nepal समिति:**

संयोजक: फूर्वा गर्ज शेर्पा

सह संयोजक: सुष्मा चेम्जोङ

सचिव: फुर्लाक्पा शेर्पा

कोषाध्यक्ष: निमा शेर्पा

सदस्यहरू:

मंगल बहादुर गुरुङ

निमा नुर्बु शेर्पा

नवराज गुरुङ

प्रमुख सल्लाहकार: रि.मे. प्रेम दोर्जे शेर्पा

वरिष्ठ सल्लाहकार: रि. क्या. हिमाल राई

सल्लाहकार: रि.ले. भिम तावा

**BGNCCC -UK यूवा समिति (Youth Committee)**

संयोजक : लालहाङ थलङ

सह संयोजक : प्रकाश श्रेङचोङबाङ

सह संयोजक : रोशन थलङ

सचिव : दावा वाङ्दि शेर्पा

कोषाध्यक्ष : हेम बहादुर लिम्बू

केन्द्रीय सदस्य : गजेन्द्र नेम्बाङ (जनसम्पर्क)

**(सहित २५ सदस्यिय कार्यसमिती गठन भएको छ)**